# आ.व.२०८०/८१ को प्रथम महिना (श्रावण) अवधिको नेपालको वैदेशिक व्यापार वस्तुस्थिति

व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रको प्रारम्भिक तथ्याँक अनुसार आ.व. २०८०/८१ को प्रथम महीनाको अवधिमा नेपालको कुल वैदेशिक व्यापार अघिल्लो वर्षको सोही अवधिको तुलनामा २.३ प्रतिशतले ह्रास आई रु.१४२.७७ अर्वमा झरेको छ। कुल व्यापारमा निकासी तथा पैठारीको योगदान क्रमश: ९.५ प्रतिशत र ९०.५ प्रतिशत रहेको छ। समीक्षा अवधिमा नेपालको कुल निकासी ८.७ प्रतिशतले ह्रास आई रु १३.५३ अर्व तथा कुल पैठारीमा १.६ प्रतिशतले ह्रास आई रु. १२९.२४ अर्वमा झरेको छ। आ.व. २०७९/८० को प्रथम महीनामा अवधिमा निकासी–पैठारी व्यापारको अनुपात १:८.९ रहेकोमा आ.व. २०८०/८१ को सोही अवधिमा निकासी– पैठारी व्यापारको अनुपात १:९.६ रहन आएको छ।

उक्त अवधिमा नेपालबाट निकासी भएका प्रमुख वस्तुहरुमा फलाम तथा फलामका उत्पादनहरु, यार्न, , ऊनी गलैंचा, अलैंची, तयारी पोशाक, जुट तथा जुटका सामानहरु, उनी फेल्टका उत्पादन, जुस,, पामतेल, चिया, जडीबुटी, कुकुर विरालाका आहारा, पिना, पश्मिना शल, प्लाईउड, अदुवा, तामा तथा तामाका उत्पादन, कपडा, चाऊचाऊ प्रमुख रुपमा रहेका छन्।

समीक्षा अवधिमा फलाम तथा तिनका उत्पादनको निर्यातमा ७३.४ प्रतिशतले वृद्धि भई रु १ अर्ब २४ करोड पुग्न गएको छ। समीक्षा अवधिमा यार्नको निर्यातमा २१.५९ प्रतिशतले वृद्धि भई रु. १ अर्ब ७ करोड पुगेको छ। ऊनी गलैंचाको निर्यातमा समीक्षा अवधिमा ३.७४ प्रतिशतले वृद्धि भई रु. ९६ करोड पुगेको छ। तयारी पोशाकको निर्यातमा समीक्षा अवधिमा २१.०३ प्रतिशतले वृद्धि भई रु. ८७ करोड पुगेको छ। समीक्षा अवधिमा जुट तथा जुटका उत्पादनको निर्यातमा समीक्षा अवधिमा १.८७ प्रतिशतले ह्रास आई रु. ६५ करोडमा सीमित भएको छ।
। यसै गरी अर्को प्रमुख निर्यातजन्य ऊनी फेल्टको निकासीमा समीक्षा अवधिमा १०.०४ प्रतिशतले ह्रास आई रु ५८ करोडमा सीमित भएको छ। समीक्षा अवधिमा जुसको निकासीमा ६१.७२ प्रतिशतले वृद्धि भई रु. ५१ करोडमा सीमित भएको छ । पामतेलको निर्यातमा ८८.४६ प्रतिशतले ह्रास आई रु ४३ करोडमा सीमित भएको छ।

कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको उत्पादन अलैंचीको निर्यातमा समीक्षा ३२१.९९ प्रतिशतले वृद्धि भई रु ९६ करोड पुगेको छ। यसै गरी कृषिजन्य वस्तुको निर्यातमा अग्रणी स्थान हासिल गरिरहेको अर्को उत्पादन चियाको निर्यातमा पनि समीक्षा अवधिमा १.८५ प्रतिशतले वृद्धि भई रु ४२ करोड पुगेको छ। यसै गरी समीक्षा अवधिमा अदुवाको निर्यातमा २१९.३१ प्रतिशतले वृद्धि भई रु २४ करोड पुगेको छ।

विगत केही वर्षहरुमा नेपालको कुल निर्यातमा खाद्य तेलहरु ( भटमास, पाम र सूर्यमुखी तेल )को हिस्सा उल्लेख्य रहेको चालु आर्थिक वर्षमा भने यी वस्तुहरुको निर्यातमा भारी ह्रास आएको छ। आर्थिक वर्ष २०७९/८० को प्रथम महिनामा नेपालको कुल निर्यातमा यी तीनवटा वस्तुहरुको हिस्सा ३६.५९ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षको प्रथम महिनामा यो हिस्सा ३.६ प्रतिशतमा खुम्चिई रु ४८ करोडमा सीमित भएको छ।

नेपालको निकासी व्यापारमा प्रमुख स्थान आगट्ने भारततर्फको निर्यातमा समीक्षा अवधिमा २०.८४ प्रतिशतले ह्रास आई रु ८ अर्ब ४८ करोडमा झरेको छ। भारततर्फको निकासीमा ह्रास आउनुमा भारततर्फ हुने खाद्य तेलहरु ( भटमास, पाम र सूर्यमुखी तेल )को रु.४ अर्ब ९४ करोड बराबरको ह्रास आउनु नै प्रमुख कारणका रुपमा रहेको छ। नेपालको कुल निकासीमा अघिल्लो आर्थिक वर्षको सोही अवधिमा भारततर्फको हिस्सा ७२.३५ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षका सो हिस्सा ६२.७० प्रतिशत झरेको छ। नेपालको निर्यात व्यापारमा महत्वपूर्ण रहेका अन्य मुलुकहरुमा संयुक्त राज्य अमेरिका, जर्मनी, चीन, युके, फ्रान्स, जापान, युएई, अष्ट्रेलिया, नेदरलेण्ड्स, , क्यानडा, टर्की, हङकङ (चीन) र इटाली प्रमुख रुपमा रहेका छन्।

पैठारीतर्फ समग्रमा आ.व. २०८०/८१ को प्रथम महीनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा पेट्रोलियम पदार्थमा ६.७९ प्रतिशतले वृद्धि भई रु. १८.८५ अर्ब पुगेको छ। समीक्षा अवधिमा फलाम तथा स्टील र तिनका उत्पादनहरुको आयातमा १२.४ प्रतिशतले वृद्धि भई रु. १४.७९ अर्ब पुगेको छ। मशिनरी तथा पार्ट्समा ४.६ प्रतिशतले ह्रास आई रु. ७.९२ अर्ब, कच्चा भटमास तेलको आयातमा ६७.४ प्रतिशतले ह्रास आई रु. १.९६ अर्बमा झरेको छ। समीक्षा अवधिमा औषधीको आयातमा ४८.६९ प्रतिशतले ह्रास आई २.८१ अर्बमा झरेको छ भने इलेक्ट्रिक र इलेक्ट्रोनिक सामाग्रीहरुमा ३१.४२ प्रतिशतले वृद्धि भई रु. ६.११ अर्ब पुगेको छ। यातायातका साधन र तिनका पार्टपुर्जामा ७.५१ प्रतिशतले ह्रास आई रु. ४.२९ अर्बमा झरेको छ। कच्चा पाम तेलको आयातमा ८०.१२ प्रतिशतले ह्रास आई रु. ८२ करोडमा सीमित भएको छ। अन्नको आयातमा ९४.७ प्रतिशतले वृद्धि भई रु ७.०० अर्ब पुगेको छ। समीक्षा अवधिमा तयारी पोशाकको आयातमा ०.९ प्रतिशतले ह्रास आई २.५३ अर्बम झरेको छ। दुरसञ्चारका सामाग्रीको आयातमा ०.६ प्रतिशतले वृद्धि भई रु ३.६० अर्ब पुगेको छ। सूनको आयातमा २९.० प्रतिशतले ह्रास आई रु १.८३ अर्बमा झरेको छ।

नेपालको पैठारी व्यापारमा प्रमुख मुलुकहरुमा भारत, चीन, युएई, जर्मनी, युक्रेन, अष्ट्रेलिया, फ्रान्स, इण्डोनेशिया, अर्जेण्टिना, संयुक्त राज्य अमेरिका, मलेशिया, ब्राजील, थाइलेण्ड र सिंगापुर प्रमुख रुपमा रहेका छन्।

चालु आर्थिक वर्ष २०८०/८१ प्रथम महिनामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा समग्र पैठारीमा ह्रास आउँदा व्यापारघाटामा सुधार भएको छ। यस अवधिमा व्यापारघाटामा ०.७ प्रतिशतले ह्रास आई कुल व्यापारघाटा रु. ११५.७१ अर्वमा झरेको छ।